## सूचना ३

जलस्रोत मन्त्रालयका सचिव श्री मधुसूदन ढकाल फ्रान्सको केनमा हुने विश्व उर्जा महाधिवेशनमा भागलिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम(१) को खण्ड (क)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री शिवशम्शेर राणालाई मिति २०४३।६।१६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४३।२।१९ को निर्णयानुसार श्रीमती समिर राज-भण्डारीले नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल एभियसन अपरेशन तथा इन्जिनियरिङ्ग समूह, एभियसन टेलिकम्यूनिकेशन मेन्टेनेन्स उप-समूह, पद संकेत नं पा।हा।वि ०७।१४४, राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) को असिष्टेन्ट टेक्निकल अफिसर पदबाट दिनुभएको राजीनामा मिति २०४२।११।२२ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

आज्ञाले,
श्यामलाल मल्ल
उप-सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४३।७।६ को निर्णयानुसार तिहार बिदा सधैं नै तीन दिन हुने गरेकोमा यस वर्ष तिथि टुट्न गई यही कार्तिक १६ गते बिदा नभएकोमा उक्त दिन पनि बिदा हुने भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
चेतनारायण श्रेष्ठ
उप-सचिव

६१९८



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।